# ५६ औं कार्यपालिका बैठक

आज मिति २०७६ साल पौष ६ गते आइतवारका दिन यस गाउंपालिकाका अध्यक्ष श्री वल वहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वलवहादुर अधिकारी | अध्यक्ष | [signature] |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | [signature] |
| ३ | श्री बहादुर तमाङ्ग | वडा अध्यक्ष | [signature] |
| ४ | श्री फैसिंङ तामाङ्ग | वडा अध्यक्ष | [signature] |
| ५ | श्री विजय कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | वडा अध्यक्ष | [signature] |
| ७ | श्री रामचन्द्र अधिकारी | वडा अध्यक्ष | [signature] |
| ८ | श्री भक्तबहादुर लामिछाने | वडा अध्यक्ष | [signature] |
| ९ | श्री बाबुराम न्यौपाने | वडा अध्यक्ष | [signature] |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

| | | | |
|---|---|---|---|
| १७ | श्री राम बहादुर तामाङ | वडा सदस्य | |
| १८ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १९. | श्री चन्द्रराज गौतम | लेखापाल | |
| २० | श्री धुब बानियाँ | कार्यालय सहयोगी | |

**छलफल तथा प्रस्तावका विषयहरु**

१. झोलुङ्गे पुलका कार्यक्रम माग गर्ने सम्बन्धमा ।

२. प्राविधिक कर्मचारीहरुको अतिरिक्त भत्ता निर्धारण गर्ने सम्बन्धमा ।

३. सडकको दायाँवायाँ घर, टहरा जस्ता संरचना निर्माण सम्बन्धमा ।

४. ग्रामिण अस्पताल सम्बन्धमा ।

५. विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १.**

यस गंगाजमुना गाउँपालिका क्षेत्रभित्रका विभिन्न ठाउँहरुमा झोलुङ्गे पुल नभएका कारण स्थानीयबासीहरु लामो दुरीसम्म पैदलयात्रा गर्नुपर्ने र वर्षातको समयमा जोखीमपूर्ण यात्रा गर्नुपर्ने अवस्था भएको हुँदा देहायका वडा तथा स्थानहरुमा झोलुङ्गे पुल निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माणको लागि सम्बन्धित निकायमा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | कार्यक्रमको विवरण | वडा तथा स्थान |
|---|---|---|
| १ | गंगाजमुना गाउँपालिका र खनियाबास गाउँपालिकाको तातोपानी जाने झो.पु. | वडा नं. १ |
| २ | सोमाङ खोला | वडा नं. १ |
| ३ | वुउ खोला | वडा नं. १ |

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... धादिङ ... प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

| | | |
|---|---|---|
| ४ | रुवी भ्याली गाउँपालिका र गंगाजमुना गाउँपालिकाको वीचमा आवाङ खोला | वडा नं. १ |
| ५ | आखुम खोला | वडा नं. २ |
| ६ | स्याल्तु खोला वडा नं. ३ र ४ जोडने | वडा नं. ३ र ४ |
| ७ | थोरसुङखोला चिमचोक | वडा नं ३ |
| ८ | अरजोङखोला वडा नं. ३ र ४ जोडने | वडा नं. ३ र ४ |
| ९ | देवीस्थान वडा नं. ५ र ४ को जोडने | वडा नं. ५ र ४ |
| १० | कार्तिके र कल्लेरी जोडने | वडा नं. ५ |
| ११ | बगुवाखोला वडा नं. ४ र ५ जोडने | वडा नं. ४ र ५ |
| १२ | सानीखोला ढाडर्खक र मजुवा जोडन | वडा नं. ५ |
| १३ | ढुंगेसाघु अधेरीखोला झो.पु | वडा नं. ६ र ७ |
| १४ | छिर्केखोला झो.पु. गंगाजमुना ६ र आरुघाट गा.पा वडा नं २ मान्बु गोरखा | वडा नं. ६ |
| १५ | अम्वोटेसाधिखोला गंगाजमुना ७ र त्रिपुरासुन्दरी ३ | वडा नं. ७ र त्रिपुरासुन्दरी |
| १६ | रातमाटे मझुवावेसी | वडा नं. ५ र ७ |

**निर्णय नं. २**

गाउंपालिकाको स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु अधिकतम प्रतिफलमूखी, पारदर्शी एवं नागरिकले अनुभूती गर्न सक्ने गरी कार्यान्वयन गर्नका लागि प्राविधिक कर्मचारीलाई डिजाइन, लागत स्टीमेट, अनुगमन लगायतका कार्य गर्न निरन्तर रुपमा फिल्डमा खटाउनु पर्ने भएकोले निजहरुलाई फिल्डमा खटिई कार्य गरे वापत खाइपाई आएको शुरु तलब स्केलको ४० प्रतिशतले हुन आउने रकम देहायका शर्तहरुको अधीनमा रहने गरी कन्टीजेन्सी वा अन्य तोकिएको शीर्षकबाट फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**शर्तहरु:**

(१) प्राविधिक कर्मचारीहरु (इन्जिनियर, सव-इन्जिनियर, अ.सव-इन्जिनियर, खा.पा.स.टे, अमिन) मासिक रुपमा कम्तीमा ५ पटक फिल्डमा खटी कामकाज गरेको हुनु पर्नेछ ।

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फलामे, धादिङ ३ नं. प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

(२) फिल्डमा खटिदा कार्यालयले तयार गरेको लग बुकमा उल्लेख भए बमोजिमको विवरण/व्यहोरा खुलाई खटिनु पर्नेछ ।

(३) कुनै औचित्यपूर्ण कारणबस कार्यालयमा उपस्थित नभई सिधै फिल्डमा जानुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतलाई जानकारी गराउनु पर्नेछ र अर्को दिन लग बुकमा विवरण भर्नु पर्नेछ ।

(४) वडामा कार्यरत प्राविधिकहरुको (सव-इन्जिनियर, असिस्टेन्ट सव-इन्जिनियर) हकमा आफू कार्यरत वडामा लगबुक भरी फिल्डमा खटिनुपर्नेछ र महिनाको अन्त्यमा उक्त लगबुक र मासिक हाजिरीको प्रतिलिपि सम्बन्धित वडाको वडा अध्यक्षबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(५) प्राविधिक कर्मचारीहरु मासिकरुपमा कम्तिमा २० दिन कार्यालयमा हाजिरी भएको (फिल्ड गएको समेत) हुनु पर्नेछ अन्यथा फिल्ड भत्ता उपलब्ध गराइने छैन ।

(६) फिल्ड भत्ताको अतिरिक्त कार्यालयले अन्य कामकाज गर्न भनी खटाएको भन्दा बाहेक भ्रमण वा अन्य कुनै किसिमको भत्ता उपलब्ध गराउनेछैन ।

(७) भत्ता वापतको रकम तोकिएको कागजात (फिल्डबुक तथा हाजिरी प्रतिलिपि) प्राप्त भए पश्चात अर्को महिनाको १० गतेसम्ममा सम्बन्धित कर्मचारीको खातामा भुक्तान गरिनेछ तर आवश्यक कागजात समयमै पेश हुन नआएको खण्डमा समयाबधी लम्बिन सक्नेछ ।

(८) यो फिल्ड भत्ताको प्रावधान सम्वत २०७६ साल पौष १ गते देखि लागू हुनेछ ।

<u>निणर्य नं. ३</u>

यस गंगाजमुना गाउँपालिकाको <u>तीनखण्डे- मजुवा-डाँडागाउँ- कार्त्तिके- भैसे- मान्वु सडक</u>को दायाँबायाँ सडक च्यापेर घर, टहरा लगायतका स्थिाई प्रकृतिका संरचनाहरु निर्माण भै रहेको हुँदा गाउँपालिकाले उक्त सडकको सडक अधिकार क्षेत्र सडकको केन्द्रविन्दुबाट ७/७ मिटर गरी जम्मा १४ मिटर चौडाइ कायम गरेको हुँदा उक्त क्षेत्रभित्र सडकको दायाँबायाँ कुनै पनि संरचना निर्माण गर्न नदिने र यदि बनाएको खण्डमा त्यस्ता संरचना गाउँपालिकाले जुनसुकै समयमा भत्काउन सक्ने तथा सो को क्षतिपूर्ती गाउँपालिकाले नव्यहोर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

यस गंगाजमुना गाउँपालिकाको वडा नं. ५, फुलखर्क स्थित फुलखर्क स्वास्थ्य चौकीलाई ग्रामिण अस्पताल (प्रस्तावित) मा परिवर्तन गरी स्वास्थ्य सेवा प्रवाह गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
३ नं. प्रदेश, नेपाल

जयबहादुर अधिकारी
अध्यक्ष

**विविध**

(क) यस गाउँपालिकाको हिउँदे अधिवेशन अर्थात छैठौं गाउँसभा २०७६ साल माघ २२ गते बुधबार आयोजना गरिने निर्णय गरियो ।

(ख) यस गाउँपालिकाको देहाय बमोजिमका सडक योजनाहरु आ.व. ०७७/०७८ का लागि समपुरक वजेट माग गर्नका निमित्त योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | सडकको विवरण | वडा |
|---|---|---|
| १ | गरगरे- सुकभज्याङ्ग- कल्लेरी- फूलखर्क- री सडक | वडा नं. ५, ३, १ र २ |
| २ | बगुवा-फलाङ्गे-सातदोवाटो-चिमचोक-ताप्राङखोला लताव-धुसिनी- तावल - सल्लेरी -ताजिम्राङ- किचेत सडक | वडा नं. १, २, ३ र ४ |
| ३ | बुढाथुमबेसी- वडारे- हटिया- खिरवोटे सडक | वडा नं. ६ र ७ |
| ४ | तीनखण्डे- मजुवा- डाँडागाउँ- भैसे- मान्चु सडक | वडा नं. ५, ६ र ७ |
| ५ | बुढाथुम- बाँसखर्क- सुकभज्याङ्ग सडक | वडा नं. ७ र ५ |

(ग) यस गाउँपालिकाको देहाय बमोजिमका योजनाहरु आ.व. ०७७/०७८ का लागि विशेष वजेट माग गर्नका निमित्त योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

(१) सामुदायिक विद्यालयको गुणस्तर सुधारको लागि प्रविधिमैत्री शिक्षा व्यवस्थापन गर्ने कार्यक्रम, २०७७

(घ) गाउँपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम बमोजिम एक घर एक धाराको नीति अनुरुप गाउँपालिकाबासीमा स्वच्छ, सफा खानेपानीको व्यवस्थापन गर्नका लागि देहायका वडाहरुमा निम्नानुसार थप योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | योजनाको नाम | सि.नं. | योजनाको नाम |
|---|---|---|---|
| १ | महारे अधेरी खोला गलाने खानेपानी योजना, वडा नं. ७ | ८ | वुढीखोला पिप्ले, अर्चले खानेपानी योजना, वडा नं. ६ |
| २ | अधेरी खोला पिठे खानेपानी योजना, वडा नं. ७ | ९ | वुढीखोला ओडारे खानेपानी योजना, वडा नं. ६ |
| ३ | अधेरी खोला वुढाथुम खानेपानी योजना, वडा नं. ७ | १० | भंगेरी खानेपानी योजना र पाङ्ले खर्क खानेपानी योजना, वडा नं. ६ |
| ४ | अधेरी खोला वुढाथुम वजार खानेपानी योजना, वडा नं. ७ | ११ | चापेखोला फलाङ्गे खानेपानी योजना, वडा नं. ४ |
| ५ | भग्रेली घ्याङ्ग खोला लकुवा वुढाथुम खानेपानी योजना, वडा नं. ७ | १२ | टिम्बुरे खानेपानी योजना, वडा नं. ४ |
| ६ | पाङ्लेखर्क खानेपानी योजना, वडा नं. ६ | १३ | काप्रेखोला रातमाटे रातोडाँडा खानेपानी योजना, वडा नं. ४ |
| ७ | लप्सेढाप खानेपानी योजना (नमुना टोल र अधेरी), वडा नं. ६ | १४ | सेक्ताली खानेपानी योजना, वडा नं. २ |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष